# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल


पत्र संख्या :

चलानी नं. :

मिति: २०८३/०६/०७

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

## उच्च सतर्कता अपनाउने सम्वन्धी जरुरी सूचना !

नेपाल सरकार, मौसम पूर्वानुमान महाशाखा, नेपाल मौसम विज्ञान विभाग, बबरमहल, काठमाडौंको मिति २०८३/०६/०६ को जारी मनसुन सम्वन्धी बुलेटिन - ३ (अपडेट) बमोजिम आगामी असोज ९ गते शुक्रबार देखि असोज ११ गते आइतबारसम्म बागमती प्रदेशका विभिन्न स्थानमा मेघगर्जन/चटयाङ्ग/हावाहुरी सहित भारी देखि अति भारी वर्षाको सम्भावना रहेकोले सम्भावित वर्षाको कारण भू-क्षय, बाढी, पहिरो तथा गेग्रान बहाव (debris flow) को जोखिम रहेकोले यस नगर क्षेत्रमा पर्ने तामाकोशी नदीको तटीय क्षेत्र र नदि किनारामा बाढीको जोखिम हुन सक्ने, अन्य नदी नाला र खोलाहरूमा पानीको सतह बढ्न सक्ने, दैनिक जन-जीवन (बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरु बढी प्रभावित), प्रभावित हुन सक्ने, सडक समेत अवरुद्ध हुन सक्ने भएकाले उल्लेखित मितिमा अतिआवश्यक काममा बाहेक लामो दुरीको यात्रामा ननिस्कनु हुन, रातको समयमा हिडडुल नगर्न हुन साथै सम्भावित विपदको पूर्व तयारी तथा आवश्यक सतर्कता अपनाउनु हुन सम्पूर्ण नगरवासीहरुमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत